# पाठ - 9
# प्रचार प्रसारको नयाँ स्थल

# الدرس التاسع - نيبالي
## مقر الدعوة الجديد

सत्य र सत्यवादिहरुको लागि मदीना एउटा सुरक्षित ठाउँको रुपमा प्रकट भयो, त्यस कारण सबै मुस्लिमहरु त्यहाँ हिजरत अर्थात यात्रा गर्न थाले, तर कुरैशले मुस्लिमहरुलाई हिजरत गर्न नदिने ठान्नु भएका थिए, त्यस कारण हिजरत गर्ने व्यक्तिहरु मध्ये केहि व्यक्तिहरु धेरै प्रकारको दुखः र कष्ट उठाउनु भयो, कुरैशको डरले मुस्लिमहरु लुकेर हिजरत गर्नु हुन्थे, अबुबकर सिद्दीक ﵁ चाहिं जहिले पनि रसूल ﷺ सित हिजरतको अनुमति माँग्नु हुन्थे त रसूल ﷺ ले भन्नु हुन्थे कि «हतार नगर, शायद अल्लाह तिम्रो कुनै साथी बनाउने छ» यहाँ सम्म कि अधिकतम् मुस्लिमहरु हिजरत गरि सक्नु भयो ।

जब कुरैशले मुस्लिमहरुलाई हिजरत गरेर मदीनामा एकत्रित हुँदै हेरे त उनिहरु त पागलै हुनु भए, मुहम्मदको मामला र उहाँको निमन्त्रणलाई सफल हुने खतरा महसुस गर्नु थाले, त्यस कारण उनिहरुले यस बिषयमा एकअर्का सँग सल्लाह बिचार लिए, र सबैको सहमतिले रसूल ﷺ को हत्या गरिने योजना बनाउनु बनाए, अबुजहलले भन्यो कि मेरो बिचारमा हरेक कुलको एक युवकलाई एउटा तरवार दिनु पर्छ र त्यो सबै युवकले मिलेर मुहम्मदको घेराउ गरि सबैले एक साथ मुहम्मदको हत्या गर्नु पर्छ, र यस प्रकार त्यसको हत्याको जिम्मेबारि सबै कुल माथि हुन्छ र बनू हाशीम (रसूल ﷺ को कुल) एकलो सबै कुलहरु सँग शत्रुता मोल लिनमा सक्षम हुँदैन,

तर अल्लाह तआलाले आफ्नो नबी मुहम्मद ﷺ लाई यस षडयन्त्रको खबर दिइहाल्नु भयो, र अल्लाह द्वारा हिजरतको अनुमति पाए पछि उहाँले अबुबकर सिद्दीक ﵁ सँग हिजरतको योजना बनाउनु भयो, उहाँले रातको समयमा हजरत अलीलाई आफ्नो ओछयानमा सुतने आदेश दिनु भयो, ताकि सबैलाई यो महसुस होस कि मुहम्मद घरमै हुनु हुन्छ ।

षडयन्त्रकारिहरुले आएर रसूल ﷺ को घरको घेराउ गरे, र ओछयानमा हजरत अली ﵁ लाई हेरेर उहाँलाई मुहम्मद ﷺ नै बुझे, र निसकने बित्तिकै सबै एक साथ आक्रमण गरि हत्या गर्नका लागि प्रतिक्षा गर्न थाले, यता घेराउको समयमा रसूल ﷺ उनीहरुको टाउकोमा माटो हालेर उनीहरुको बीचबाट निस्कनु भयो,

बाटोमा सौर नामको गुफामा लुकनु भयो, कुरैशको युवकहरु बिहान सम्म प्रतिक्षामा बसनु भयो, तर जब बिहान भयो त रसूल ﷺ को ओछयानबाट अली ﵁ उठ्नु भयो, उनीहरुले अचम्म भएर रसूल ﷺ को बारेमा सोध पुछ गर्नु भयो तर अली ﵁ ले केहि भन्नु भएनन्, उनीहरुले हजरत अली ﵁ लाई कुट पीट गरे घिर्सियाए तर केहि फाइदा भएन, त्यस पछि कुरैशले हरेक दिशामा रसूल ﷺ लाई खोजन थाले, र जसले मुहम्मदलाई जिउँदो वा मुर्दो ल्याउँछ भने त्यसले १०० ऊँट पाउँछ भने घोषणा पनि गरे, रसूल ﷺ र उहाँको साथीले लुकेको गुफा सम्म खोजीहरु पुगे, यहाँ सम्म कि यदि कोहि आफ्नो पाइला तिर हेरेको हुन्थ्यो भने दुवैलाई देखि हाल्थ्यो, यस्तो अवस्थामा हजरत अबुबकर ﵁ रसूल ﷺ को लागि धेरै चिन्तित हुनु भयो, त नबी ﷺ ले भन्नु भयो «तिमी उनी दुवै जनाको बारेमा के सोचदछौं जसको तेश्रो संवय अल्लाह छ, चिन्ता नगर अल्लाह हाम्रो साथ छ»

कुरैशले उनीहरुलाई हेरेनन्, उनीहरु तीन दिन् सम्म गुफामा बसनु भयो, त्यस पछि मदीना तिर हिंडनु भयो, यात्रा लामो थियो, कडा घामको समय थियो, अर्को दिन बाटोमा उम्मे माबद भनेकि एउटि महिलाको टेन्ट फेला पर्यो र ऊ सित खाने पीउने कुरा माँग्नु भयो, तर त्यसको घरमा एउटि पातलो भेडि बाहेक अरु केहि पनि थिएन, र त्यो भेडि कमजोरिका कारण चरन गएको थिएन, त्यसको थन्मा दुधको एक बुँद पनि थिएन, रसूल ﷺ त्यहाँ गएर त्यसको थन् माथि हात फेर्नु भयो र दुध आउन थाल्यो, त्यस पछि दुध दुहेर एउटा ठुलो भाँडो भर्नु भयो, यस्तो चमतकार देखेर उम्मे माबद अचम्म भइ, सबैले पेट भरि दुध पिउनु भयो, फेरि अर्को चोटि दुध दुहेर भाँडो भरनु भयो र उम्मे माबदको लागि छाडि दिनु भयो, र आफ्नो बाटो हिंडन थाल्नु भयो ।

मदीना वासीहरु नबी ﷺ को आगमन्को प्रतिक्षा गरि रहनु भएको थिए, प्रत्येक दिन मदीनाबाट बाहिर गएर उहाँको प्रतिक्षामा बसनु हुन्थ्यो, तसर्थ जब उहाँको पुगने दिन भयो त धेरै खुशीका साथ स्वागत गर्दै आउनु भयो, नबी ﷺ मदीनाको नजिक कुबामा उतरिनु भयो, र चार ४ दिन् सम्म त्यहिं बस्नु भयो, त्यस बीच मस्जिदे कुबाको स्थापना पनि गर्नु भयो, र त्यहि इस्लाममा बनाइएको पहिलो मस्जिद भयो, पाँचौ दिन मदीना तिर लाग्नु भयो, अन्सारको धेरै व्यक्तिहरुले रसूल ﷺ लाई आफ्नो पाहुना बनाउने र यस्तो शुभ अवसर प्राप्त गर्ने मौका खोजदै थिए ऊँटनीको लगाम थामने गर्नु हुन्थ्यो तर रसूल ﷺ सबैलाई धन्यवाद भनेर यो भन्नु भयो कि «त्यसलाई छाडिदेउ त्यसले आज्ञा पाइ सकेकि छ» तसर्थ जब ऊँटनी त्यो ठाउँमा पुग्ने भइ जहाँ अल्लाहको आज्ञा थियो त त्यहाँ बसने भइ, तर रसूल ﷺ उतरिनु भएन, त्यस पछि ऊँटनी फेरि उभेर अलिकति हिंडने भइ तर फर्केर फेरि वापस त्यहिं बसने भइ जहाँ प्रथम चोटि बसेकि थी, त्यस पछि रसूल ﷺ उतरिनु भयो, र त्यहि मस्जिदे नबवीको ठाउँ भयो, र नबी ﷺ अबु अैयुब अनसारि ﵁ को घरमा ठहरिनु भयो ।यता हजरत अली बिन अबुतालिब ﵁ नबी ﷺ को पशचात तीन दिन सम्म मक्कामा बस्नु भयो, र त्यस बीच नबी ﷺ को सुरक्षामा राखिएको मान्छेहरुको सामान र समपत्ति उनीहरुलाई फिर्ता गर्नु भयों, र कुबामा रसूल ﷺ लाई पाइ हाल्नु भयो ।